आज मिति २०८२ पौष २५ गते शुक्रबारका दिन राइनास नगरपालिकाको कार्यपालिका हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा राइनास नगर कार्यपालिकाको ८४ औं बैठक बसी निम्नानुसार निर्णय गरियो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुंविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी | सचिव |

आमन्त्रित अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | प्रशासकीय अधिकृत श्री विमला वाग्ले | |
| | इन्जिनियर नितेश रिसाल | |
| | [illegible] | |
| | | |
| | | |

प्रमाणित

**<u>मिति २०८२/०९/२५ गतेको ८४ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः</u>**

**<u>बैठकमा पेश भएका प्रस्तावहरु</u>**

१. नगर सभा सम्बन्धमा।

२. आर्थिक सहायता तथा सङ्घ संस्थालाई सहयोग सम्बन्धमा।

३. कृषि एम्बुलेन्स सञ्चालन सम्बन्धमा ।

४. चालु आ.व.को बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा।

५. आर्थिक तथा विनियोजन ऐन, २०८२ संशोधन सम्बन्धमा ।

- आय तर्फ / आय अनुमान संशोधन गरी राजश्व प्राप्ति शीर्षक तथा रकम थप/घट गर्ने।
- व्यय तर्फ/ व्यय अनुमान संशोधन गरी बजेट खर्च शीर्षक तथा रकम थप घट गर्ने ।

६. सेवा करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

७. कार्य प्रगति सम्बन्धमा ।

८. फोहर संकलन ल्याण्डफिल साइटसम्म ढुवानी तथा उचित विर्सजन र पुनः प्रयोग हुने कवाडी निकासी सम्बन्धी ठेक्का सम्बन्धमा ।

९. औषधि तथा गुल्कोमिटर खरिद सम्बन्धमा ।

१०. धमिलिकुवा अस्पतालको ठेक्का सम्बन्धमा ।

११. रा.न.पा.-६ गुलीटार (गौलिटार) सभा भवन निर्माण सम्बन्धमा ।

१२. टिमुरे बोराङखोला सडक स्तरउन्नति योजनाको भेरिएसन सम्बन्धमा ।

१३. विविध ।

नगर प्रमुख

प्रमाणित

निर्णयहरु:

निर्णय नं.१

राइनास नगरपालिका नगरसभाको १७ औ अधिवेशन २०८२ पौष महिनाको ३० गते बुधबारका दिन गर्ने ।

निर्णय नं.२

नगरपालिकामा आर्थिक सहायोगका लागि पेश हुन आएका निम्न आवेदकहरुलाई स्वीकृत आर्थिक सहायता शीर्षकबाट निम्न अनुसारको आर्थिक सहयोग रकम उपलब्ध गराउने। अन्य विषयमा सम्बन्धित मिल्दो शीर्षकबाट बजेट व्यवस्था गर्ने।

निम्न : आर्थिक सहायताबाट बजेट व्यवस्था हुने गरी

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | घटना/ क्षतिको विवरण | सहयोग रकम रु. |
|---|---|---|---|---|
| १ | रेशम थापा | रा.न.पा-६ | मृगौला रोगी आमाको उपचार | २०,०००।- |
| २ | रेम बहादुर गुरुङ | रा.न.पा-१ | बाघको आक्रमणबाट गाइ मारेको | ५०००।- |
| ३ | विष्णुमाया गुरुङ | रा.न.पा-१ | विपन्न गरिब | ५०००।- |
| ४ | लक्ष्मण कामी | रा.न.पा-२ | विपन्न गरिब | ५०००।- |
| ५ | पदम प्रसाद न्यौपाने | रा.न.पा-१० | बास्टन कृषि तथा पशु फर्मको दुहुनो भैंसी मरेको | १०,०००।- |
| ६ | मिलन गुरुङ | रा.न.पा.९ | क्यान्सर पिडित | ५०,००० |
| ७ | चित्र ब. तामाङ | रा.न.पा-३ | मुटु रोगी | १०,०००।- |
| ८ | क्यासुपिया धिताल | | बन्यजन्तुको सोध अनुसन्धान | ५,०००।- |
| ९ | सुजित चिलुवाल | रा.न.पा-६ | होमस्टे सम्बन्धी रिसर्च | ५,०००।- |
| | | | जम्मा | १,०५,०००।- |

मिल्दो शीर्षकबाट बजेट व्यवस्था हुने गरी

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | कार्य विवरण | सहयोग रकम रु. |
|---|---|---|---|---|
| १ | केदारनाथ देवकोटा | रा.न.पा-२ | लोकसंस्कृतिको जग्रेना भजन समूह | ५०,०००।- |
| २ | प्यारजुङ युथ क्लव | रा.न.पा-९ | मेयर कप सञ्चालन खर्च | १,५०,०००।- |
| ३ | राजु वलिया | रा.न.पा-८ | गोरु जुधाइ कार्यक्रम | ५०,०००।- |
| ४ | रामशरण सार्की लगायत | रा.न.पा-९ | खानेपानी पाइप खरिद | १५,०००।- |
| ५ | जिल्ला ट्राफिक प्रहरी कार्यालय | लमजुङ | ब्रेजलाइजर/लागुपदार्थ सेवन जाँच किट खरिद | २५,०००।- |
| ६ | लमजुङ उद्योगवाणिज्य संघ | | स्वर्ण जयन्ति | ५०,०००।- |
| ७ | सुन्दरवजार साँस्कृतिक महोत्सव | | संस्कृति प्रबर्द्धन | ४०,०००।- |
| | | | जम्मा | ३,५,०००।- |

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

**निर्णय नं.३**

राइनास नगरपालिकाको कृषि एम्बुलेन्स सञ्चालनको लागि विभिन्न मोडालिटी सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं.४ :**

राइनास नगरपालिकाको आ.व. ०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना अन्तर्गत नगरस्तरीय योजनाहरु तपशील बमोजिम संशोधन, परिमार्जन तथा रकमान्तर गरी कार्यान्वियन गर्न आगामी नगर सभामा पेश गर्ने ।

**तपशील:**

क.

| क्र.सं. | साबिक कार्यक्रम/ आयोजना/क्रियाकलापको नाम | कार्य स्थान | खर्च शीर्षक | विनियोजन रकम | संशोधन गरिएको कार्यक्रम/ आयोजना/क्रियाकलापको नाम | संशोधन रकम |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १ भित्रका प्राकृतिक खानेपानी धारा/कुवा मर्मत सम्भार | वडा नं १ | ३११५६ | २००००० | सडक बत्ति मर्मत तथा व्यवस्थापन खर्च शीर्षक नं २२२९१(रु ५० हजार) मा रकम थप | २,५०,००० |
| २ | कृषिहाट बजार व्यवस्थापन | वडा नं १ | २२५२२ | ५०००० | क. दुना टपरी लाफाको भाडा रु ३६ हजार<br>ख. हरित कृषिफर्म रु१४ हजार | ५०००० |
| ३ | नगर तर्फ आ.पु.क्र.स१५४ खेल मैदान रु १ लाख र वडा तर्फ आ.पु.क्र.स.३१ उज्येली डाँडाँ खेल मैदान स्तरउन्नति रु १ लाख | वडा नं.१ | ३११५९<br>३११५९ | १/१ लाख | उज्येली डाँडाँ खेलमैदान स्तरउन्नति | २००००० |
| ४ | नगर तर्फ आ.पु.क्र.स१५४ खड्गदेवी आमा समुह भवन ट्रस्ट निर्माण र वडा तर्फ आ.पु.क्र.स.१८ खड्गदेवी आमा समुह भवन स्तरोन्नति | वडा नं.१ | ३१११२ /३१११२ | १/४ लाख | खड्गदेवी आमा समुह भवन स्तरोन्नति | ५००००० |
| ५ | वडा तर्फ आ.पु.क्र.स.३६ वडा २ भित्रका खानेपानी संरचना मर्मत सम्भार | वडा नं.२ | ३११५६ | १ लाख | टुनिबोटे देखि मुख्य सडक जोड्ने गोरेटो बाटो योजना | १००००० |
| ६ | नगर तर्फ आ.पु.क्र.स११४ समृद्धि आमा समुह भवन निर्माण र वडा तर्फ आ.पु.क्र.स.१७ समृद्धि आमा समुह भवन स्तरोन्नति क्रमागत | वडा नं.२ | ३१११२ | २/२ लाख | समृद्धि आमा समुह भवन निर्माण | ४००००० |
| ७ | वडा तर्फ आ.पु.क्र.स.२९ भलयाखर्क स्वास्थ्य चौकी देखि अघेरीखोला हुँदै मण्डली थान सडक स्तरउन्नति | वडा नं.२ | ३११५१ | १ लाख | भलयाखर्क स्वास्थ्य चौकी देखि अघेरीखोला सडक स्तरउन्नति | १००००० |
| ८ | अकला आमा समूह भवन स्तरोन्नती | वडा नं.३ | ३१११२ | १ लाख | अकला आमा समूह भवन स्तरोन्नती र फर्निचर व्यवस्थापन | १००००० |
| ९ | नगर तर्फ आ.पु.क्र.स१५५ बोहोरागाउँ देवी थान मन्दिर र वडा तर्फ आ.पु.क्र.स.३० वोहोरागाउँ कन्यादेवी मन्दिर निर्माण | वडा नं ४ | ३११५९ | ३ लाख/४ लाख | बोहोरागाउँ देवी थान मन्दिर निर्माण | ७००००० |
| १० | वडा तर्फ आ.पु.क्र.स. २४ वडा भित्रका खानेपानी मुल संरक्षण | ५ | ३११५६ | १ लाख ५० हजार | एउटै उ.भो.स.बाट काम गर्ने गरी<br>क. वासपानी कुवा-साविक ९<br>ख. कैनटार वेशी- साविक-९<br>ग. कटुसे कुवा- साविक ८ | १५०००० |

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | वडा तर्फ आ.पु.क्र.स.२२ वडाको आन्तरिक सडक मर्मत | ५ | ३११५१ | २ लाख | एउटै उ.भो.स.बाट काम गर्ने गरी<br>क. ढकाल्नी खोला ग्याबिन तारजाली/प्रयाविन<br>ख. कँडेलगाउँ कृषि सडक निर्माण<br>ग. बनौटी हुँदै आहाले जाने कच्ची सडकमा कच्ची नाला निर्माण<br>घ. बुढी चौरबाट सहकारी चोक जाने सडकमा कच्ची नाला निर्माण | २००००० |
| १२ | वडा तर्फ आ.पु.क्र.स.७ सडक बत्ति व्यस्थापन विस्तार | वडा नं ७ | २२२९१ | १ लाख | सडक बत्ति मर्मत तथा थप विस्तार योजना, विधुत महशुल | १००००० |
| १३ | वडा तर्फ आ.पु.क्र.स.१२ विविध कार्यक्रम खर्च | ७ | २२५२९ | १ लाख | खेलकुद प्रोत्साहन तथा विविध | १००००० |
| १४ | वडा तर्फ आ.पु.क्र.स.१५ शारदा मावि शैक्षिक व्यवस्थापन तथा छात्रबृत्ति | ७ | २७२११ | ३ लाख | शारदा मा.वि. शैक्षिक,भौतिक व्यवस्थापन, छात्रबवृत्ति, अतिरिक्त कक्षा सञ्चालन तथा छात्रावास व्यवस्थापन | ३००००० |
| १५ | वडा तर्फ आ.पु.क्र.स.१७ सामुदायिक सहोदर हस्पिटलको लागि छाना जडित पंखा | ७ | ३११२२ | २ लाख | सिमलबोटे कुवा तथा मरन पाटी निर्माण | २००००० |
| १६ | वडा तर्फ आ.पु.क्र.स.२३ सेढाई गाउँ क्रियापुत्री मरन पाटी निर्माण | ७ | ३११५९ | १ लाख ५० हजार | वडा नं.७ को विशालटार सेपा-सुनचापा सडक ग्राभेल तथा स्तरोन्नति | १,५०,००० |
| १७ | वडा तर्फ आ.पु.क्र.स.३६ विद्यालय सुधार कार्यक्रम | ८ | ३१५११ | ३ लाख | रुद्र मा.वि. वाल शिक्षा व्यवस्थापन रु १ लाख र वीरभक्ती मा.वि.को गाडी व्यवस्थापान रु २ लाख | ३००००० |
| १८ | वडा तर्फ आ.पु.क्र.स.१४ बहुप्राविधिक शिक्षालय विद्यार्थी छात्रावृद्धि | ८ | २७२११ | १ लाख | एउटै उ.भो.स.बाट काम गर्ने<br>क. कोइरालेबाट विशुराल गाँउ जाने मो.बा. ग्रेड मिलाउने<br>ख. लिला कुमारको घर अगाडिको पहिरोमा ग्याबिन जाली भर्ने | १००००० |
| १९ | वडा तर्फ आ.पु.क्र.स.३४ कुलाहरु मर्मत | ८ | ३१५११ | ३ लाख | क. तार्दी खोला कालढुङ्गा जाने कूलो रु १ लाख<br>ख. पिपलटारी कूलोमर्मत रु १ लाख<br>ग. पाङ्ग्रे खोला किप्पट कूलो मर्मत रु ५० हजार<br>घ. विशुराल फाँट र सिम्लेफाँट कूलो मर्मत रु ५० हजार | ३,००००० |
| २० | वडा तर्फ आ.पु.क्र.स.१३ विविध खर्च | ८ | २२७११ | ४० हजार | रुद्र देवी युथ क्लव फूटवल खेल | ३०,००० |
| २१ | वडा तर्फ आ.पु.क्र.स.३५ विविध खर्च | ८ | ३१५११ | १ लाख | ढाडखोला पुल मर्मत | १००००० |
| २२ | नगर तर्फ आ.पु.क्र.स१०३ सिर्जनशिलता महिला समुह भवन स्तरोन्नती | १० | ३१११२ | २ लाख | सिर्जनशिलता महिला समुह भवन निर्माण | २००००० |

खड्ग बहादुर गुरुङ्ग
नगर प्रमुख

ख. राइनास नगरपालिकाको आ.ब. ०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना अन्तर्गत वडा न. ९ को तपशीलमा उल्लिखित एउटै प्रकृतिका योजनाहरु एउटै प्याकेज वनाइ कार्यान्वयन गर्ने साथै आगामी नगरसभाबाट अनुमोदन गर्ने।

**तपशील:**

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खर्च शीर्षक | विनियोजन रकम | प्याकेज |
|---|---|---|---|---|---|
| १०४ | राइनासकोट होमस्टे सामुदायिक भवन निर्माण | वडा नं.९ | ३११११२ | ३०,००,०००.०० | राइनासकोट होमस्टे सामुदायिक भवन निर्माण तथा घुमाउने घर मर्मत र ढुङ्गा छाप्ने |
| १४१ | घुमाउने घर मर्मत तथा ढुङ्गा छाप्ने | वडा नं.९ | ३११५९ | ५,०००००.०० | |

**निर्णय नं.५:**

यस नगरपालिकाको राजश्व प्राप्ति शीर्षक तर्फ दहत्तरवहत्तर शीर्षक लगाएतका आय शीर्षक साथै विनियोजन खर्च शीर्षकहरुमा बजेट थप घट्ट गर्नु पर्ने भएकोले आगामी नगर सभामा विनियोजन ऐन, २०८२ संशोधनको लागि पेश गर्ने।

**तपशील:**

क. चालु आ.व.को बजेटमा समावेश भएका तथा देहायका कार्यक्रममा थप बजेट आवश्यक देखिएकोले :-

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | खर्च शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २१११११ | ३०००००० | विनियोजित बजेटमा थप गर्ने |
| २ | सडक हेरालुको पारिश्रमिक २०८२ आषाढ महिनामा श्रृजित दायित्व | २२४१३ | २०७००० | गत वर्षको कार्य भएकोले यो वर्षको बजेटमा दायित्व समावेश गर्ने |
| ३ | टिमुरे वोराङ्गखोला सडक योजना आ.व.२०८१/०८२ निरन्तरता | ३,११५१ | ८५९८८४ | भेरियंसन थप पश्चात थप दायित्व श्रृजना हुने |
| ४ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | २२२३१ | २००००० | थप वजेट |
| ख. चालु आ.व.को बजेट तथा कार्यक्रममा समावेश नभएका निम्न कार्यक्रमहरु तथा बजेटमा थप गर्ने | | | | |
| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | खर्च शिर्षक | रकम | कैफियत |
| १ | विमा तथा नविकरण खर्च | २२२१४ | ५००००० | नया सवारी विमा आवश्यक भएकोले |
| २ | एन.वास अन्तर्गत परिचालकको करार पारिश्रमिक गत वर्षको भुक्तानी बाकी । | २२४१३ | २६५००० | करार सम्झौता अनुसार २ जनाको २०८२।०१।१५ देखि २०८२।०३।३२सम्मको पारिश्रमिक |
| ३ | सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम खाजा खाना र यातायात (सवारी साधन भाडा ) | २२५२२ | २५०००० | सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम |
| ४ | आन्तरिक रोजगारी सिर्जना प्रवर्दन संघीय ससर्त अनुदान शत प्रतिशत साझेदारी | २२५२२ | ५२४००० | लागत सहभागिता |

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ५ | सवारी दुर्घटना वापत् क्षतिपूर्ति भुक्तानी गत विगत वर्षको दायित्व समेत (विमाबाट प्राप्त रकम बाहेक) | २७२१२ | ३५५००० | कार्यालयको ग १ झ ४२३को दुर्घटना क्षतिपुर्ति |
| ६ | दहत्तर बहत्तर ठेक्काबाट प्राप्त मु.अ.कर र अ.आ.कर रकम विभाज्य कोष खातामा जम्मा भइ आम्दानी जनिएकोले कर रकम फिर्ता खर्च (गत वर्षको समेत) | २८२११ | ५५०००० | गत वर्षको २९७८७०।०३ र यस वर्षको २४९९१४।२९ समेत |
| ७ | मेसिनरी औजार उपकरण खरीद नगर कार्यपालिका लगायत वडा कार्यालय | ३११२२ | १५००००० | कार्यालय प्रयोजनको लागि |
| ८ | नगरपालिका तथा मातहतका कार्यालयमा ई हाजिरी उपकरण खरीद तथा व्यवस्थापन | ३११२२ | १५०००० | कार्यालय प्रयोजनको लागि |
| ९ | पञ्जिकरण ईकाई व्यवस्थापन उपकरण खरीद | ३११२२ | १००००० | कार्यालय प्रयोजनको लागि |
| १० | भक्ति कन्स्ट्रक्सन विल वडा नं. ३को नौविसे कुलो देखि वोहरीवोटे सडक खण्डमा पर्ने सडक चौडाइ कार्य बाँसको झ्याङ्ग हटाउने कार्य | ३११५१ | २५०००० | गत वर्षको वडा कार्यालयबाट कायदिश अनुसार दायित्व श्रृर्जना |
| ११ | ज्यामिरे जेठाक टिमुरे बृहत खानेपानी योजना | ३११५६ | ५८०९२०.८० | गत वर्षको ठेक्का निरन्तरताको अन्तिम विल भुक्तानी |
| १२ | अध्ययन अवलोकन भ्रमण पदाधिकारी | २२६१२ | १४००० | गत वर्षको वडा कार्यालयबाट कायदिश अनुसार दायित्व श्रृर्जना |

ग. गत आ ब को दहत्तरबहत्तर अन्तरगत प्राप्त राजश्व मध्ये सम्झौता बमोजिम प्राप्त भएको मु.अ.कर रकम र अग्रिम आयकर बापतको रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने भएको हुँदा विभाज्य कोषमा जम्मा भएको रकमबाट खर्च लेखी दाखिला गर्न नमिलेको हुँदा उक्त रकम घटाइ विभाज्य कोषको बाँडफाँड गर्ने र घटाएंको रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने साथै चालु आ.ब.को बजेटमा राजश्व फिर्ता शीर्षकमा उल्लिखित मु.अ.कर र अग्रिम आय कर रकम बराबरको बजेट थप गरी कर दाखिला व्यवस्था मिलाउने।

**निर्णय नं.६ :**

यस नगरपालिकामा सेवा करारमा रहेका कर्मचारीहरुको (शिक्षक वाहेक) करार सम्झौतामा उल्लिखित शर्त अनुरुप कार्य सम्पादन मूल्याङ्कनका आधारमा २०८३ आषाढमसान्त सम्मको लागि सेवा करार म्याद थप गर्ने ।

**निर्णय नं.७ :**

नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति, कार्यक्रम र बजेट कार्यान्वयन सम्बन्धमा नगरपालिका, विषयगत शाखा र वडा कार्यालयबाट भए गरेका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्यहरुको हालसम्मको प्रगति प्रतिवेदन प्रस्तुत भयो । प्रगति प्रतिवेदनमा देखिएका सकरात्मक पक्षहरुलाई निरन्तरता दिने, सुधार गर्नुपर्ने पक्षहरुमध्ये नगरपालिकाको आफ्नो तर्फबाट सुधार गर्नुपर्ने विषयहरु तत्काल सुधार गर्ने, संघीय सरकार, प्रदेश सरकार तथा अन्य पक्षहरुको सहयोगमा सुधार गर्न सकिने विषयहरु समन्वयको माध्यमबाट सुधार गर्दै जाने, आगामी दिनमा विकास निर्माण तथा सेवा प्रवाहमा थप प्रभावकारीता बृद्धि गर्दै जाने ।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

CamScanner

प्रमाणित

**निर्णय नं.८ :**
राइनास नगरपालिका भित्र फोहर संकलन ल्याण्डफिल साइटसम्म ढुवानी तथा उचित विर्सजन र पुनः प्रयोग हुने कवाडी निकासी कार्यका लागि लाग्ने सामग्री र जनशक्ति व्यवस्थापन सम्बन्धित पक्षले गर्ने र सो कार्य गरे बापत नगरपालिकाकलाई एकमुष्ठ राजश्व बार्षिक न्यूनतम रु एक लाख र कार्यसम्पादन जमानत वापत रु पचास हजार तोकी दरभाउपत्र माग गर्ने ।

**निर्णय नं.९ :**
गर्भवती महिलालाई प्रदान गरिने क्याल्सियम चक्की ९८ प्रकारका औषधि भित्र नपर्ने हुनाले औषधि खरिद शीर्षकमा बाँकी रहेको रकमबाट रु २ लाख वरावरको क्याल्सियम चक्की खरिद गर्ने । साथै स्वास्थ्य संस्थामा चिनि रोगको परीक्षण गर्न सोही शीर्षकबाट रु १ लाख वरावरको Glucometer and Kit खरिद गरी वितरण गर्ने ।

**निर्णय नं.१० :**
Dhamelikuwa Health Post Building Upgrading to 15 Bed Hospital कार्यको निर्माण व्यवसायीको तर्फबाट पूर्वनिर्धारित क्षतिपूर्ति तिर्ने अधिकतम अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले १५ दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित कार्यालयमा उपस्थित हुन अन्यथा ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा कार्य सम्पादन जमानत/धरौटी वापतको रकम जफत गर्नुको साथै बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने जानकारी गराउनका लागि निर्माण व्यवसायीलाई कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचना प्रकाशन गर्ने।

**निर्णय नं.११ :**
रा.न.पा.-६ गुलीटार (गौलिटार) सभा भवन निर्माणको लागि चालु आ.ब.मा विनियोजित बजेट रु ७० लाखको ठेक्का आह्वान गर्ने, उक्त ७० लाखले सभा भवन निर्माणकार्य सम्पन्न नहुने देखिएकोले बाँकी अधुरो रहने कार्यको लागि आगामी आ.ब.मा स्रोत सुनिश्चिताको लागि सम्बन्धित निकायमा पहल गर्ने ।साथै कार्यपालिकाले स्रोत सुनिश्चतताको स्वामित्व ग्रहण गर्ने ।

**निर्णय नं.१२ :**
ठेक्का नं. RAINAS/NLB/W/06/081-082 टिमुरे बोराङखोला सडक योजनाका लागि प्रस्तावित सुरु कार्यको लागत अनुमानमा बढ्न जाने २१.७६ प्रतिशतको भेरियसन राइनास नगरपालिका सार्वजनिक खरिद नियमावली,२०७८ नियम ११८ उपनियम १(ग) बमोजिम भेरिएसन रकम आगामी नगरसभाबाट रु ८,६०,०००/- विनियोजन गर्ने गरी स्वीकृत गर्ने र नगरसभाबाट अनुमोदन गर्ने । साथै निर्माण व्यवसायीले हाल पूर्वनिर्धारित क्षतिपूर्ति बुझाउने गरी काम गरिरहेको भए पनि भेरियसनका कारण म्याद थप नगर्ने तर पूर्वनिर्धारित क्षतिपूर्ति परिमार्जित सम्झौतासम्मको आधारमा नभई सुरु सम्झौता रकमकै आधारमा लिने ।

**निर्णय नं.१३. विविधः**
यस नगरपालिका कार्यालय र Consulting Services for Social and Infrastructure Development Pv. Ltd. काठमाडौं बीच भएको भू-वर्गीकरण योजना तर्जुमा गर्ने कार्यको सम्झौता अनुसार तयार भइ कार्यालयमा प्राप्त भएको भू-उपयोग क्षेत्र बर्गीकरण अन्तिम प्रतिवेदन ग्रहण गर्ने ।साथै सेवा प्रदायकलाई अन्तिम प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।

सडक बहादुर गुरुङ
नगर प्रमुख